## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/३/५ गते शुक्रवार देखि २०६६/३/११ गते बिहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ३८०६ कारोबारबाट २२ करोड ६९ लाख १० हजार रुपैयाँ बराबरका ३ लाख ९२ हजार ८ कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १.७६ प्रतिशतले ह्रास भएको हो । गत साता ४१३१ शेयर कारोबारबाट २३ करोड ९ लाख ७७ हजार रुपैयाँ बराबरका ५ लाख १६ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबारमध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ११ करोड ५३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५०.८६ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ८.६२ अंकले ह्रास भई अन्तिम दिन ६७०.६१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६९७.२८ | ४३४.३२ | ३६८.६३ | ६४६.१९ | ८७८.८८ | २९०.३५ | ६४२.३६ | ७२९.५८ | ७१७.३९ | ६७९.२३ | १८२.०६ | ६५.४६ |
| दोस्रो | ६९५.०८ | ४३४.३२ | ३६८.६३ | ६३३.२७ | ९०६.९० | २९०.३५ | ६३८.६६ | ७२९.५५ | ७१३.२५ | ६७८.५२ | १८१.५८ | ६५.३१ |
| तेस्रो | ६८८.६६ | ४३४.३२ | ३६८.६३ | ६५२.०७ | ९०७.४७ | २९०.३५ | ६३३.१७ | ६८६.५६ | ७०१.९६ | ६७१.४७ | १७८.८० | ६४.२८ |
| चौथो | ६८९.१५ | ४३४.३२ | ३६८.६३ | ६४६.१९ | ८९७.०४ | २९०.३५ | ६३२.२४ | ६८५.७१ | ७०२.२६ | ६७०.२५ | १७८.८० | ६४.२२ |
| पाँचौं | ६९०.२१ | ४३४.३२ | ३६५.९८ | ६४६.१९ | ८९७.७१ | २९०.३५ | ६३४.१२ | ६८३.७५ | ७००.७६ | ६७०.६१ | १७८.९० | ६४.२८ |
| परिवर्तन | -७.०७ | ०.०० | -२.६५ | ०.०० | १८.८३ | ०.०० | -८.२४ | -४५.८३ | -१६.६३ | -८.६२ | -३.१६ | -१.१८ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.१६ अंकले ह्रास भई १७८.९० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ७३ लाख रुपैयाँ) तथा शेयर संख्या (९४ हजार कित्ता) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक र कारोबार संख्या (३२७ वटा) को आधारमा बैंक अफ एशिया नेपाल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | २७.३२ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २३.७९ |
| ३ | नबिल बैंक | १२.२६ |
| ४ | बैंक अफ काठमाण्डू | ११.०० |
| ५ | नेपाल एसबिआई बैंक | १०.१७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नागरिक लगानी कोष | वोनस | २,००,००० कित्ता |
| २ | महालक्ष्मी फाइनान्स | वोनस | १,६०,००० कित्ता |